**मिति : २०७५/०४/१८**

**बिषय : आन्तरिक श्रोत असुल सम्वन्धी शिलवन्दी दरभाउपत्र आहवान को सुचना**
**(प्रथम पटक प्रकाशित मिति २०७५/०४/१८ गते ।)**

यस रंगेली नगरपालिका अन्तर्गत देहाय वमोजि आ.व. २०७५/०७६ अषाढ मसान्त सम्मका लागि हाटवजार तथा कान्जी हाउस कर समेत उठाउन स्थानिय सरकार संचालन ऐन २०७४ र रंगेली नगरकार्यपालिकाको मिति २०७५/०४/१७ गतेको निर्णय अनुसार ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिक वा कम्पनि, फर्महरुले तोकिएको अवधि भित्र रित पुर्वक शिलवन्दी बोलपत्र तथा दरभाउ पत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | न्युनतम अंक | दरखास्त दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १ | माछा पोखरी वडा नं. ७ (महतो टोल) वार्षिक १,३७,०००/०० | ४,११,०००/०० (३ वर्षको लागि) | १,०००/०० | दरभाउ पत्र |
| २ | विर्ता वजार हाटवट्टी कर वडा नं. १ | १,५५,०००/०० | १,०००/०० | दरभाउ पत्र |
| ३ | खेती योग्य जग्गा वडा नं. ६ | ३५,०००/०० | १,०००/०० | दरभाउ पत्र |
| ४ | कान्जी हाउस वडा नं. ४, ६ र ७ | ३०,०००/०० | १,०००/०० | दरभाउ पत्र |
| ५ | कान्जी हाउस वडा नं. ९ | १०,०००/०० | १,०००/०० | दरभाउ पत्र |
| ६ | कान्जी हाउस वडा नं. ५ | १०,०००/०० | १,०००/०० | दरभाउ पत्र |

१. शिलवन्दी बोलपत्र तथा दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन को ५:०० वजे भित्र यस कार्यालयवाट वा सम्बन्धीत वडा कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. उल्लेखित शिलवन्दी बोलपत्र तथा दरभाउ पत्र १६ औ दिन तथा विदा परे सोको भोलिपल्ट १२:०० वजे सम्म रित पुर्वक भरी सम्बन्धीत वडा कार्यालयमा समेत दर्ता गर्न सकिने छ र सोही दिनको २:०० वजे प्रतिनिधिहरुको रोहवरमा रंगेली नगरपालिकाको कार्यालयमा खोलिने छ ।
३. शिलवन्दी बोलपत्र तथा दरभाउपत्रमा भाग लिनेले न्युनतम अंकको १० प्रतिशत रकम कृषि विकास वैंक रंगेलीमा रहेको यस न.पा. को धरौटि खाता नं. ०६०१६०११५०२५७०४३ मा जम्मा गरेको सक्कलै भौचर शिलवन्दी बोलपत्र तथा दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।
४. माथि उल्लेखित सि.नं. १ को हकमा शिलवन्दी दरभाउ पत्र सकार गरेको मितिले ७ दिन भित्र सम्झौता गरि प्रथम किस्ताको रकम वुझाउनु पर्नेछ र दोश्रो, तेश्रो किस्ताको हकमा जायजेथा, वा वैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ । वैंक जमानतको म्याद २०७८ असार मसान्त सम्म हुनु पर्नेछ । साथै अग्रिम रुपमा सम्पुर्ण रकम वुझाए वापत १० प्रतिशत छुट हुनेछ ।
५. सि.नं. २ देखि ६ सम्मको हकमा शिलवन्दी दरभाउ पत्र सकार गरेको मितिले ७ दिन भित्र सम्झौता गरि सम्झौतामा उल्लेखित सम्पुर्ण रकम अग्रीम वुझउनु पर्नेछ । दोश्रो, तेश्रो किस्ताको हकमा जायजेथा, वा वैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ । वैंक जमानतको म्याद २०७६ असार मसान्त सम्म हुनु पर्नेछ । साथै अग्रीम रुपमा वुझाए वापत १० प्रतिशत छुट हुनेछ ।

६.  उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेक्का वदर गर्न सकिनेछ र ठेक्का वदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ ।

७.  ठेक्का सम्झौता भएपछि वन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षवाट दावी गर्न पाइने छैन ।

८.  न.पा. ले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्ने छ । साथै ठेक्का सम्वन्धी कुनै विवाद भएमा न.पा. को निर्णय अन्तिम हुनेछ ।

९.  करका दररेटहरु न.पा. ले तोके वमोजिम असुल उपर गर्नु पर्ने छ । अन्यथा वढी रकम असुल गरेको खण्डमा नियमानुसार कार्वाही हुनेछ ।

१०. हटियामा लाग्ने सरसफाई तथा कर्मचारी सम्वन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व तथा कर स्वयं ठेकदारले वेहोर्नु पर्नेछ ।

११. बोलपत्र तथा दरभाउ पत्र फारममा अंक र अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ ।

१२. यस न.पा. अन्तर्गत विगतमा वुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुन पाउने छैन । तर बोलपत्र तथा दरभाउ पत्र खरिद गर्नु अघि उल्लेखित रकम  दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन ।

१३. बोलपत्र तथा दरभाउ पत्र खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाण पत्र, फर्म वा कम्पनि को हकमा इजाजत पत्र र आ.रा.का. मा दर्ता भएको मु.अ. कर को समेत प्रमाणित प्रतिलिपि र २०७३/२०७४ को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

१४. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

१५. ठेक्का वन्दोवस्त सम्बन्धि अन्तिम निर्णय नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१६. उल्लेखित शर्तहरु वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ । थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।